# नीतिहरू

**प्रत्येक समूह मम्स इन प्रेयर (MIP) इन्टरनेशनलको नीतिहरू पालन गर्न जिम्मेवार छन्। तिनीहरू वैकल्पिक छैनन्।**

1. मम्स इन प्रेयर इन्टरनेशनलको (MIP) विश्वासको सार वा नीतिलाई पालना नगर्ने कुनै पनि व्यक्ति वा समूहलाई मम्स इन प्रेयरको नाम वा लोगो प्रयोग गर्ने अधिकार हुँदैन, न त कुनै पनि तरिकाले सेवकाइको प्रतिनिधित्व गर्ने अधिकार नै हुन्छ।

2. मम्स इन प्रेयर इन्टरनेशनल (MIP) एक पैरवी गर्ने समूह होइन, भलै त्यसको कारण जतिसुकै योग्य किन नहोस्। बाह्य राजनीतिक र सामाजिक मुद्दाहरूमा व्यक्तिगत रूपमा मात्र सहभागिता जनाउनु पर्छ। कुनै पनि परिस्थितिमा मम्स इन प्रेयरको नाम बाहिरका मुद्दाहरूसँग प्रयोग गर्नु हुँदैन।

3. गोपनीयताले सेवकाईमा इमानदारिता ल्याउँछ, त्यस कारण, सबै प्रार्थनाका अनुरोधहरूमा गोपनीयता कायम राखिनुपर्छ।

4. मम्स इन प्रेयरका (MIP) समूहले सार्वजनिक विद्यालय वा क्याम्पसमा आफ्ना सभाहरू राख्नु हुँदैन। हामी विद्यालयहरूको लागि प्रार्थना गर्छौं, विद्यालयहरूमा होइन।

5. मम्स इन प्रेयर (MIP) समूहले कुनै पनि सार्वजनिक विद्यालयमा प्रार्थना अनुरोध गर्न, प्रार्थना अनुरोध बाकस राख्नु हुँदैन।

6. मम्स इन प्रेयरको (MIP) सदस्यता लिनको लागि सार्वजनिक विद्यालयहरू प्रयोग गर्नु हुँदैन।

7. मम्स इन प्रेयरको (MIP) नाम वा लोगोलाई अनधिकृत रूपमा प्रयोग गर्न निषेधित गरिएको छ। यो मम्स इन प्रेयर इन्टरनेशनल सेवकाइको आधिकारिक चिन्ह हो, र यसको प्रयोगको लागि मम्स इन प्रेयर इन्टरनेशनलको स्पष्ट, लिखित अनुमति चाहिन्छ।

8. मम्स इन प्रेयरको (MIP) कार्यसूचीहरू सेवकाईको प्रयोगको लागि मात्र हुन्। कुनै पनि परिस्थितिमा तिनीहरू अन्य व्यक्ति, संस्था, व्यवसाय वा बाहिर समूहद्वारा प्रयोग वा साझेदारी गर्न मिल्दैन।

9. मम्स इन प्रेयरको इन्टरनेशनलको (MIP) सामग्रीभित्र कुनै पनि प्रकारको विज्ञापन राख्न पाइने छैन।

10. एकै मनको भएर सामूहिक प्रार्थनाको लागि अनुमति दिन र प्रार्थनाको चार चरणहरू लागू गर्न, मम्स इन प्रेयरको प्रार्थना समयमा हामी विभिन्न सम्प्रदायहरूमा अभ्यास गर्ने आत्मिक अभ्यासहरूबाट टाढा रहन्छौं, जस्तै अन्य भाषाहरूमा बोल्ने र प्रार्थनाका अन्य सम्भावित रूपहरू।

11. यो बिचारशील भएर गरिएको निर्णय हो, र हामी कुनै पनि अभ्यासको न्याय गर्दैनौ। हामी विविधतामा एकताको सम्मान गर्छौं, र प्रत्येक दिदीबहिनीहरूलाई सहभागी हुन सम्भव बनाउँछौ।

12. प्रार्थना समूहहरूमा आमाहरूले अनावश्यक गफ वा आलोचनात्मक प्रकृतिको कुनै पनि कुराकानीमा संलग्न हुनुहुन्न।

13. मम्स इन प्रेयरले बाइबलीय विवाहलाई एक पुरुष र एक स्त्रीबिचको करारको सम्बन्धको रूपमा विश्वास गर्छन्।